**4th of June**

**मुख्य समाचारहरुबाट**

- **अपरेशन सिन्दूर पछिको पहिलो संसद  बैठक 21 जुलाईदेखि सुरु हुने**
- **2027 मा दुई चरणमा जनगणना गर्ने सरकारको निर्णय**
- **भारतीय रेलवेले गऱ्यो डेढ करोड भन्दा अधिक अनधिकृत युजर आईडी निष्क्रिय**
- **सिक्किमको मंगनम जिल्लामा  उद्धार कार्य मौसमका कारण प्रभावित,**
- **आईपीएल च्याम्पियन आरसीबीको बेंगलुरुमा भव्य स्वागत**
  **अब समाचार विस्तारमा**

**अपरेशन सिन्दूर पछिको पहिलो संसद  बैठक 21 जुलाईदेखि सुरु हुने**

संसदको मनसुन सत्र आगामी 21 जुलाईदेखि सुरु हुने सरकारले आज घोषणा गरेको छ। संसदीय कार्य मन्त्री किरेन रिजिजूका अनुसार, सत्र 12 अगस्टसम्म चल्नेछ। यसअघि विपक्षी दलहरूले 'अपरेशन सिन्दूर'बारे छलफल गर्न विशेष सत्रको माग गरेका थिए। यो मनसुन सत्र,अपरेशन सिन्दूरपछि हुने पहिलो संसद सत्र हुनेछ।

**2027 मा दुई चरणमा जनगणना गर्ने सरकारको निर्णय**

भारत सरकारले 2027-मा दुई चरणमा राष्ट्रिय जनगणना गर्ने निर्णय गरेकोको छ। यसपटक जनगणसंगै जातीय गणना पनि  गरिने भएको छ। गृह मन्त्रालयका अनुसार अधिकांश क्षेत्रका लागि जनगणनाको सन्दर्भ मिति 1 मार्च 2027 हुनेछ। तर, लद्दाख, जम्मु–कश्मीर, हिमाचल प्रदेश र उत्तराखण्डका हिमाली तथा हिमपात प्रभावित क्षेत्रमा भने सन्दर्भ मिति 1 अक्टोबर 2026 तोकिएको छ। यी सन्दर्भ मितिसहित जनगणनाका लागि अधिसूचना 16 जुन 2025 मा राजपत्रमा प्रकाशित हुने सम्भावना छ। अघिल्लो जनगणना  2011 मा दुई चरणमा सम्पन्न गरिएको थियो—पहिलो चरणमा घरहरूको सूची तयार पारिएको थियो र दोस्रो चरणमा जनसंख्याको गणना गरिएको थियो। 2021 मा पनि यही ढाँचामा जनगणना गर्ने प्रस्ताव गरिएको थियो—पहिलो चरण 2020-को अप्रिलदेखि सेप्टेम्बर  र दोस्रो चरण फेब्रुअरी 2021 मा हुनेतय गरिएको थियो। पहिलो चरणको तयारी पूर्ण भइसकेको भए पनि कोभिड–19 महामारीका कारण जनगणना स्थगित गरिएको थियो।

**भारत–अष्ट्रेलिया रणनीतिक साझेदारी: प्रधानमन्त्री मोदी र उपप्रधानमन्त्री मार्लेसबीच सहयोग विस्तारको छलफल**

प्रधानमन्त्री नरेन्द्र मोदी र अष्ट्रेलियाका उपप्रधानमन्त्री तथा रक्षा मन्त्री रिचर्ड Marles बीच आज भारत–अष्ट्रेलिया व्यापक रणनीतिक साझेदारीलाई अझ सुदृढ बनाउन गहन विचार–विमर्श भएको छ। नयाँ दिल्लीमा प्रधानमन्त्री मोदीसँग भेट गर्दै उपप्रधानमन्त्री Marles -ले सीमा पार आतंकवादविरुद्ध भारतको संघर्षमा अष्ट्रेलियाको समर्थन व्यक्त गर्नुभयो। दुवैले रक्षा उद्योग, आपूर्ति श्रृंखला, महत्वपूर्ण खनिज, नयाँ र उदीयमान प्रविधिजस्ता प्रमुख क्षेत्रमा आपसी सहयोग अभिवृद्धि गर्नेमा जोड दिनुभयो।

**मिराज कॉर्ड लाइन परियोजना स्वीकृत, रेलवे संरचना सुदृढीकरणतर्फ महत्त्वपूर्ण कदम**

रेल मन्त्रालयले महाराष्ट्रको पश्चिमी भागमा पर्ने मिराज कॉर्ड लाइन परियोजनालाई स्वीकृति दिएको छ, जसको अनुमानित लागत 1 सय 29 करोड रुपैयाँ रहनेछ। यो 1.73 किलोमिटर लामो रेल लाइनले मिराज जंक्शनमा हुने अत्यधिक भीड कम गर्नुका साथै रेल सञ्चालनमा सुधार

ल्याउने उद्देश्य राखिएको छ। यो परियोजना पश्चिमी महाराष्ट्रमा रेल पूर्वाधार बलियो बनाउने दिशामा एक ठुलो उपलब्धि मानिएको छ र यसबाट सामान र यात्रुका दुवै सेवामा उल्लेखनीय सुधार आउने अपेक्षा गरिएको छ।

**भारतीय रेलवेले गऱ्यो डेढ करोड भन्दा अधिक अनधिकृत युजर आईडी निष्क्रिय**

भारतीय रेलवेले अनधिकृत रूपमा टिकट बुक गर्ने गतिविधिमाथि नियन्त्रण लगाउन 2 करोड 50 लाखभन्दा बढी शंकास्पद युजर आईडीहरू निष्क्रिय गरेको छ। रेल मन्त्रालयले आज जारी गरेको विज्ञप्तिमा भनिएको छ कि अत्याधुनिक एंटी-बोट प्रणालीको प्रयोग र एक प्रमुख कन्टेन्ट डेलिभरी नेटवर्क (CDN) सेवा प्रदायकसँगको एकीकरणमार्फत एजेन्टहरूले गर्ने स्वचालित अनधिकृत बुकिङमा ठूलो मात्रामा अंकुश लगाइएको छ। यसले वास्तविक यात्रुहरूका लागि वेबसाइटको पहुँच सहज बनाएको मन्त्रालयले जनाएको छ।

रेलवेले यो प्रणाली यात्रुहरूलाई सहजता, पारदर्शिता र दुरुपयोगमुक्त सेवा प्रदान गर्ने लक्ष्यसाथ लागू गरेको जनाएको छ।

**राहुल गांधीले अपरेसन सिन्दूरलाई कमजोर बनाएको आरोप: जे.पी. नड्डा**

भारतीय जनता पार्टीका अध्यक्ष जगत प्रकाश नड्डाले कांग्रेस नेता राहुल गांधीमलाई ‘अपरेसन सिन्दूर’लाई कथित रूपमा कमजोर पार्ने प्रयास गरेको आरोप लगाउनु भएको छ। आज एक सामाजिक सञ्जाल पोस्टमार्फत श्री नड्डाले प्रधानमन्त्री नरेन्द्र मोदीविरुद्ध राहुल गांधीले दिएका अभिव्यक्ति 140 करोड भारतीय नागरिक र भारतीय सशस्त्र बलहरूको गम्भीर अपमान भएको बताउनु भएको छ। उहाका अनुसार अपरेसन सिन्दूर भारतीय सशस्त्र बलहरूको साहस, वीरता र बलिदानको प्रमाण हो।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**ADB सहायता दुरुपयोगको आशंका: पाकिस्तानको वित्तीय स्थिति र आतंकवादप्रति लापरवाहीप्रति भारतको गम्भीर आपत्ति**

भारतले एशियाई विकास बैंक (ADB)बाट पाकिस्तानलाई प्रदान गरिने वित्तीय सहयोगको दुरुपयोग हुने गम्भीर आशंका व्यक्त गरेको छ। पाकिस्तानको बढ्दो रक्षा खर्च, घट्दो कर–जीडीपी अनुपात र महत्त्वपूर्ण आर्थिक सुधारमा प्रगति नदेखिएको भन्दै भारतले ADB को स्रोतको संभावित गलत प्रयोगप्रति चिन्ता जनाएको हो। भारतले पाकिस्तानको वर्तमान शासन प्रणालीले क्षेत्रीय शान्ति र सुरक्षामा लगातार गम्भीर खतरा उत्पन्न गराइरहेको भन्दै कडा आपत्ति जनाएको छ।

**सिक्किमको मंगनमा जिल्लामा  उद्धार कार्य मौसमका कारण प्रभावित**

सिक्किमको सबैभन्दा बढी प्रभावित मंगन जिल्लामा उद्धार कार्य खराब मौसमका कारण प्रभावित भएको छ। जिल्लापालका अनुसार दुई हेलिकप्टरलाई स्ट्यान्डबाई मोडमा राखिएको छ, ताकि लाचेनमा फसेका 110 भन्दा बढी पर्यटकहरूलाई हवाईमार्गबाट सुरक्षित स्थानमा ल्याउन सकियोस्। यद्यपि विभिन्न निकायहरू जेमाको बाटो हुँदै छातेङतर्फका सडकहरू प्रयोग गरेर स्थलीय उद्धारको सम्भावनाहरू पनि खोजी गरिरहेका छन्।  मौसम अनुकूल भएमा पर्यटकहरूलाई 5-6 खेपको उडानमार्फत हवाईमार्गबाट सुरक्षितरूपमा निकाल्न सकिने मंगान जिल्लाका जिल्लापालले आशा व्यक्त गर्नुभएको छ। हिजो भारतीय वायु सेना,सेना र एनडीआरएफ टोलीहरूले 34 जनालाई सफलतापूर्वक उद्धार गरेका थिए। त्यसैबीच, छातेङमा गएको पहिरोका कारण 6 जना निखोज रहेका सैनिकको खोजी कार्य जारी छ। पहिरोमा परी 3 जना सैनिकको ज्यान गएको पुष्टि गरिएको छ। खराब मौसमका कारण खोज तथा उद्धार कार्यमा अवरोध आएको जनाइएको छ।

**झाबुआमा भीषण दुर्घटना: सीमेंट बोकेको ट्रक पल्टिँदा 9 जनाको ज्यान, 2 घाइते**

मध्य प्रदेशको झाबुआ जिल्लामा हिजो राति भएको एक भीषण सडक दुर्घटनामा 6 महिला र 3 पुरुषको ज्यान गएको छ भने 2 जना घाइते भएका छन्। सीमेंटले भरिएको ट्रक एक भ्यानमाथि पल्टिँदा यो दुर्घटना भएको हो भ्यानमा सवार सबै यात्री मेघनगरका बासिन्दा थिए र एक विवाह समारोहबाट फर्किंदै थिए। मध्य प्रदेशका मुख्यमन्त्री मोहन यादवले मृतकका परिवारहरूलाई दुई–दुई लाख रुपैयाँ र घाइतेहरूलाई पचास–पचास हजार रुपैयाँ राहतस्वरूप उपलब्ध गराउने घोषणा गर्नुभएको छ।

**आईपीएल च्याम्पियन आरसीबीको बेंगलुरुमा भव्य स्वागत,**

इन्डियन प्रिमियर लिग (आईपीएल) विजेता रॉयल च्यालेन्जर्स बेंगलुरु (आरसीबी) को टोली आज बेंगलुरु आइपुग्दा प्रशंसकहरूले भव्य स्वागत गरे। रजत पाटीदारको कप्तानीमा पहिलो पटक उपाधि जितेको टोलीलाई राज्यका उपमुख्यमन्त्री डी. के. शिवकुमारले विमानस्थलमा स्वागत गर्नुभयो। मुख्यमन्त्री सिद्धारमैयाको कार्यालयतर्फ जाने क्रममा विधान सौध आसपास सडकछेउ उभिएका हजारौं समर्थकहरूले टोलीप्रति जयजयकार गर्दै उत्साह प्रकट गरे। आरसीबीले गए रात अहमदाबादमा भएको आईपीएल 2025 को फाइनल खेलमा पञ्जाब किङ्सलाई 6 रनले हराउँदै आफ्नो 18 वर्ष लामो उपाधि प्रतीक्षाको अन्त्य गरेको थियो।

**मुख्य समाचार फेरि एकपल्ट**

- **अपरेशन सिन्दूर पछिको पहिलो संसद बैठक 21 जुलाईदेखि सुरु हुने**
- **2027 मा दुई चरणमा जनगणना गर्ने सरकारको निर्णय**
- **भारतीय रेलवेले गऱ्यो डेढ करोड भन्दा अधिक अनधिकृत युजर आईडी निष्क्रिय**
- **सिक्किमको मंगन जिल्लामा उद्धार कार्य मौसमका कारण प्रभावित, अनि**
- **आईपीएल च्याम्पियन आरसीबीको बेंगलुरुमा भव्य स्वागत**